केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

नेपाल राष्ट्र बैंक

बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्याः बै.वि.नि.वि./नीति/परिपत्र/१५/०८१/८२

मितिः २०८२/०३/३२

इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा मिति २०८२/०४/०१ बाट लागु हुने गरी संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

भवदीय,

(गुरु प्रसाद पौडेल)
कार्यकारी निर्देशक

बोधार्थ :
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार।
(३) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(४) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग।
(८) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा।
(९) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली।
(१०) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, लाजिम्पाट।
(११) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार।

यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संशोधन/परिमार्जन/थप ।

क.सं.	व्यवस्था नं.	विद्यमान व्यवस्था	संशोधित व्यवस्था
१.	इ.प्रा. निर्देशन नं. २/०८१ को बुँदा नं. ८ को उपबुँदा नं. (५) थप गरी क्रमसंख्या मिलान गरिएको ।	हाल नरहेको ।	**५. २०८० कात्तिकको भूकम्पबाट प्रभावित जाजरकोट, रुकुम लगायतका क्षेत्रमा संचालनमा रहेका व्यवसायहरुमा प्रवाहित कर्जा तथा उक्त क्षेत्रमा बसोवास गरिरहेका सर्वसाधारणले लिएको आवासीय घर कर्जा लगायत प्रयोजन खुलेका व्यक्तिगत कर्जालाई ऋणीको अनुरोधमा बैंक तथा वित्तीय संस्थाले ऋणीको नगद प्रवाह तथा आम्दानी विश्लेषण गरी आवश्यकता र औचित्यको आधारमा बुझाउनुपर्ने ब्याजको कम्तिमा १० प्रतिशत रकम असुलउपर गरी देहायका शर्तहरुको अधीनमा रही कर्जाको पुनरतालिकीकरण र/वा पुनरसंरचना गर्न सकिनेछ ।** **१) यस्तो पुनरतालिकीकरण र/वा पुनरसंरचना २०८२ असोज मसान्तभित्र गरिसक्नु पर्नेछ ।** **२) यसरी पुनरतालिकीकरण र/वा पुनरसंरचना गर्दाको समयमा कर्जाहरुलाई जुन वर्गमा वर्गीकरण गरिएको छ सोही वर्गमा वर्गीकरण गर्नुपर्नेछ ।**
२.	इ.प्रा. निर्देशन नं. ३/०८१ को बुँदा नं. ४ मा संशोधन ।	**४. मार्जिन प्रकृतिको शेयर धितो कर्जाको एकल ग्राहक कर्जा सीमा (Single Obligor Limit) :** कुनै एक वा सबै इजाजतपत्रप्राप्त संस्थाहरुबाट शेयर धितोमा प्रवाह हुने मार्जिन प्रकृतिको कर्जाको अधिकतम एकल ग्राहक कर्जा सीमा (Single Obligor Limit) कुल रु. १५ करोड कायम गरिएको छ ।	**४. मार्जिन प्रकृतिको शेयर धितो कर्जाको एकल ग्राहक कर्जा सीमा (Single Obligor Limit) :** कुनै एक वा सबै इजाजतपत्रप्राप्त संस्थाहरुबाट शेयर धितोमा प्रवाह हुने मार्जिन प्रकृतिको कर्जाको अधिकतम एकल ग्राहक कर्जा सीमा (Single Obligor Limit) **कुल रु. २५ करोड** कायम गरिएको छ ।

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संशोधन/परिमार्जन/थप ।

क्र.सं.	व्यवस्था नं.	विद्यमान व्यवस्था	संशोधित व्यवस्था
		तर धितोपत्र बजारमा लगानी गर्ने मुख्य उद्देश्यले स्थापना भएका संस्थागत लगानीकर्ताहरुका लागि मात्र यस्तो सीमा लागु हुनेछैन । यस्तो कर्जा प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह वा नवीकरण गर्दा उक्त सीमा ननाघेको यकिन गरेर मात्र कर्जा प्रवाह/नवीकरण गर्नु पर्नेछ । तोकिएको सीमा नाघी कर्जा प्रवाह वा नवीकरण गरेमा बैंक तथा वित्तीय संस्थाले उक्त कर्जामा शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ ।	तर धितोपत्र बजारमा लगानी गर्ने मुख्य उद्देश्यले स्थापना भएका संस्थागत लगानीकर्ताहरुका लागि मात्र यस्तो सीमा लागु हुनेछैन । यस्तो कर्जा प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह वा नवीकरण गर्दा उक्त सीमा ननाघेको यकिन गरेर मात्र कर्जा प्रवाह/नवीकरण गर्नु पर्नेछ । तोकिएको सीमा नाघी कर्जा प्रवाह वा नवीकरण गरेमा बैंक तथा वित्तीय संस्थाले उक्त कर्जामा शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ ।
३.	इ.प्रा. निर्देशन नं. ३/०८१ को बुँदा नं. १२ को उपबुँदा नं. (४) मा संशोधन ।	**(४) घरजग्गा तथा रियल स्टेट कर्जा सम्बन्धी व्यवस्था :** (क) रियलस्टेट कर्जा र सोको धितो सुरक्षणको Fair Market Value बीचको अनुपात (Loan to Value Ratio) बढीमा ५० प्रतिशतसम्म मात्र कायम गर्नु पर्नेछ । तर,नीजि आवासीय घर कर्जा (Personal Residential Home Loan) र नियमानुसार दर्ता भई सञ्चालनमा रहेका नेपाल सरकारबाट स्वीकृति प्राप्त घर निर्माण व्यवसाय कम्पनीहरु/परियोजनाहरुलाई आवासीय घर निर्माणको लागि प्रदान गरिने कर्जाको हकमा यस्तो अनुपात (Loan to Value Ratio) बढीमा ६० प्रतिशतसम्म कायम गर्न सकिनेछ । (ख) पहिलो पटक घर खरिद वा निर्माण गर्ने व्यक्ति (First Home Buyer) लाई देहायको शर्तहरुको अधीनमा रही प्रदान गरिने	**(४) घरजग्गा तथा रियल स्टेट कर्जा सम्बन्धी व्यवस्था :** (क) रियलस्टेट कर्जा र सोको धितो सुरक्षणको Fair Market Value बीचको अनुपात (Loan to Value Ratio) बढीमा ५० प्रतिशतसम्म मात्र कायम गर्नु पर्नेछ । तर, निजी आवासीय घर कर्जा (Personal Residential Home Loan) र नियमानुसार दर्ता भई सञ्चालनमा रहेका नेपाल सरकारबाट स्वीकृति प्राप्त घर निर्माण व्यवसाय कम्पनीहरु/ परियोजनाहरुलाई आवासीय घर निर्माणको लागि प्रदान गरिने कर्जाको हकमा यस्तो अनुपात (Loan to Value Ratio) बढीमा **७० प्रतिशतसम्म** कायम गर्न सकिनेछ । (ख) पहिलो पटक घर खरिद वा निर्माण गर्ने व्यक्ति (First Home Buyer) लाई देहायको शर्तहरुको अधीनमा रही प्रदान गरिने **रु. ३ करोडसम्मको आवासीय घर कर्जामा Loan to**

यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संशोधन/परिमार्जन/थप ।

क्र.सं.	व्यवस्था नं.	विद्यमान व्यवस्था	संशोधित व्यवस्था
		रु. २ करोड सम्मको आवासीय घर कर्जामा loan to value ratio बढीमा ७० प्रतिशतसम्म कायम गर्न सकिनेछ । (अ) ऋणी आफूले मात्र प्रयोग गर्ने गरी बढीमा ३ हजार वर्गफिटसम्मको घर/apartment हुनुपर्ने । (आ) कुनैपनि बैंक तथा वित्तीय संस्थाबाट यस पूर्व घर/apartment निर्माण वा खरिद कर्जा नलिएको यकिन गर्नु पर्ने । (इ) यस सुविधा अन्तरगत कर्जा प्रदान गर्दा घरभाडालाई ऋणीको आम्दानीको श्रोतको रुपमा देखाउन नपाइने । (ई) कर्जाको व्याजदर वृद्धि भएमा पूर्व निर्धारित मासिक किस्ता वृद्धि नगरी कर्जा भुक्तान हुने व्यवस्था मिलाउनुपर्ने ।	**Value Ratio बढीमा ८० प्रतिशतसम्म** कायम गर्न सकिनेछ । (अ) ऋणी आफूले मात्र प्रयोग गर्ने गरी बढीमा ३ हजार वर्गफिटसम्मको घर/Apartment हुनुपर्ने । (आ) कुनैपनि बैंक तथा वित्तीय संस्थाबाट यस पूर्व घर/Apartment निर्माण वा खरिद कर्जा नलिएको यकिन गर्नु पर्ने । (इ) यस सुविधा अन्तरगत कर्जा प्रदान गर्दा घरभाडालाई ऋणीको आम्दानीको श्रोतको रुपमा देखाउन नपाइने । (ई) कर्जाको व्याजदर वृद्धि भएमा पूर्व निर्धारित मासिक किस्ता वृद्धि नगरी कर्जा भुक्तान हुने व्यवस्था मिलाउनुपर्ने ।
४.	इ.प्रा. निर्देशन नं. ३/०८१ को बुँदा नं. १२ को उपबुँदा नं. (५) को (१) मा संशोधन ।	**(५) व्यक्तिगत आवासीय घर कर्जा (Home Loan) सम्बन्धी व्यवस्था** १) उपबुँदा नं. ४ को खण्ड (ग) बमोजिम सीमा गणना गर्दा रु. २ करोड वा सो भन्दा कमको व्यक्तिगत आवासीय घर कर्जालाई समावेश गर्नुपर्नेछैन ।	**(५) व्यक्तिगत आवासीय घर कर्जा (Home Loan) सम्बन्धी व्यवस्था** १) उपबुँदा नं. ४ को खण्ड (घ) बमोजिम सीमा गणना गर्दा रु. **३ करोड वा सो भन्दा कमको** व्यक्तिगत आवासीय घर कर्जालाई समावेश गर्नुपर्नेछैन ।
५.	इ.प्रा. निर्देशन नं. ४/०८१ को बुँदा नं. १ को (ङ) मा संशोधन ।	**ङ. <u>अन्तरिम वित्तीय प्रतिवेदन प्रकाशन गर्नु पर्ने</u>** (१) बैंक तथा वित्तीय संस्थाले एकीकृत वित्तीय प्रतिवेदन लगायत प्रमुख वित्तीय परिसूचकहरु (Major Financial Indicators) को अन्तरिम वित्तीय प्रतिवेदन (संक्षिप्त प्रतिवेदन) यस प्रयोजनका लागि तोकिएको ढाँचामा हरेक त्रयमासको महिना व्यतित भएको मितिले ७ दिनभित्र कुनै एक राष्ट्रियस्तरको दैनिक पत्रिकामा अनिवार्य रुपमा प्रकाशित गरी सोको एक प्रति बैंक तथा वित्तीय संस्था नियमन	**ङ. <u>अन्तरिम वित्तीय प्रतिवेदन प्रकाशन गर्नु पर्ने</u>** (१) बैंक तथा वित्तीय संस्थाले एकीकृत वित्तीय प्रतिवेदन लगायत प्रमुख वित्तीय परिसूचकहरु (Major Financial Indicators) को अन्तरिम वित्तीय प्रतिवेदन (संक्षिप्त प्रतिवेदन) यस प्रयोजनका लागि तोकिएको ढाँचामा हरेक त्रयमासको महिना व्यतित भएको मितिले **१५ दिनभित्र** कुनै एक राष्ट्रियस्तरको दैनिक पत्रिकामा अनिवार्य रुपमा प्रकाशित गरी सोको एक प्रति बैंक तथा वित्तीय संस्था नियमन विभाग र

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संशोधन/परिमार्जन/थप ।

क्र.सं.	व्यवस्था नं.	विद्यमान व्यवस्था	संशोधित व्यवस्था
		विभाग र सम्बन्धित सुपरिवेक्षण विभागलाई समेत उपलब्ध गराउनु पर्नेछ । साथै, अन्तरिम वित्तीय प्रतिवेदनको विस्तृत विवरण यस बैंकले तोकिदिएको ढाँचामा आफ्नो वेबसाइटमा राख्नु पर्नेछ । यसरी विस्तृत अन्तरिम वित्तीय प्रतिवेदन वेबसाइटमा राखिएको व्यहोरा पत्रिकामा प्रकाशन गरिने प्रतिवेदनमा समेत उल्लेख गर्नु पर्नेछ । *तर, चौथो त्रयमासको अन्तरिम वित्तीय प्रतिवेदन (संक्षिप्त प्रतिवेदन) आर्थिक वर्ष समाप्त भएको २१ दिनभित्र प्रकाशन गर्नु पर्नेछ ।*	सम्बन्धित सुपरिवेक्षण विभागलाई समेत उपलब्ध गराउनु पर्नेछ । साथै, अन्तरिम वित्तीय प्रतिवेदनको विस्तृत विवरण यस बैंकले तोकिदिएको ढाँचामा आफ्नो वेबसाइटमा राख्नु पर्नेछ । यसरी विस्तृत अन्तरिम वित्तीय प्रतिवेदन वेबसाइटमा राखिएको व्यहोरा पत्रिकामा प्रकाशन गरिने प्रतिवेदनमा समेत उल्लेख गर्नु पर्नेछ । तर, चौथो त्रयमासको अन्तरिम वित्तीय प्रतिवेदन (संक्षिप्त प्रतिवेदन) आर्थिक वर्ष समाप्त भएको **३० दिनभित्र** प्रकाशन गर्नु पर्नेछ ।
६.	इ.प्रा. निर्देशन नं. १६/०८१ को बुँदा नं. १ को उपबुँदा (१) र (३) मा संशोधन ।	**१. वित्तीय स्रोत संकलन सीमा** (१) "क" वर्गका इजाजतपत्रप्राप्त संस्था तथा "ख" वर्गका राष्ट्रिय स्तरका विकास बैंकलाई निक्षेप संकलनसम्बन्धी कुनै सीमा लाग्ने छैन ।। (३) "ग" वर्गको इजाजतपत्रप्राप्त संस्थाले आफ्नो प्राथमिक पुँजीको बढीमा १५ गुणासम्म वित्तीय स्रोत (ब्याज वा बिना ब्याजमा स्वीकार गरिने कुनै पनि प्रकारको निक्षेप, सापटी र विभिन्न किसिमका ऋण उपकरणहरु) संकलन गर्न सक्नेछ ।	**१. वित्तीय स्रोत संकलन सीमा** (१) "क" वर्गका वाणिज्य बैंक, "ख" वर्गका राष्ट्रिय स्तरका विकास बैंक तथा **"ग" वर्गका राष्ट्रिय स्तरका वित्त कम्पनी**लाई निक्षेप संकलनसम्बन्धी कुनै सीमा लाग्ने छैन ।। (३) **राष्ट्रिय स्तरका वित्त कम्पनी बाहेकका** "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाले आफ्नो प्राथमिक पुँजीको बढीमा १५ गुणासम्म वित्तीय स्रोत (ब्याज वा बिना ब्याजमा स्वीकार गरिने कुनै पनि प्रकारको निक्षेप, सापटी र विभिन्न किसिमका ऋण उपकरणहरु) संकलन गर्न सक्नेछ ।
७.	इ.प्रा. निर्देशन नं. १७/०८१ को बुँदा नं. (३) को (ग) मा संशोधन ।	(ग) वैदेशिक रोजगारमा जाने व्यक्तिहरुलाई धितो लिई वा नलिई उपलब्ध गराएको प्रतिव्यक्ति रु. एकलाख पचास हजारसम्मको कर्जा ।	**(ग) वैदेशिक रोजगारमा जाने व्यक्तिहरुलाई धितो लिई वा नलिई उपलब्ध गराएको प्रतिव्यक्ति रु. तीन लाखसम्म तथा महिलाहरुको हकमा रु. पाँच लाखसम्मको कर्जा ।**

यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संशोधन/परिमार्जन/थप ।

<table>
<tr><th>क्र.सं.</th><th>व्यवस्था नं.</th><th>विद्यमान व्यवस्था</th><th>संशोधित व्यवस्था</th></tr>
<tr><td>८.</td><td>इ.प्रा. निर्देशन नं. २१/०८१ को बुँदा नं. ७ मा संशोधन ।</td><td>७. बैंकदर सम्बन्धमा:
यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाहरुलाई प्रचलित ऐनमा भएको व्यवस्था अनुसार उपलब्ध गराईने कर्जाको ब्याजदर (बैंकदर) ६.५ प्रतिशत कायम गरिएको छ ।</td><td>७. बैंकदर सम्बन्धमा:
यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाहरुलाई प्रचलित ऐनमा भएको व्यवस्था अनुसार उपलब्ध गराईने कर्जाको ब्याजदर (बैंकदर) ६.० प्रतिशत कायम गरिएको छ ।</td></tr>
<tr><td>९.</td><td>इ.प्रा. निर्देशन नं. २१/०८१ को बुँदा नं.१२ को (ख) मा संशोधन ।</td><td>(ख) ब्याजदर करिडोरको माथिल्लो सीमाको रुपमा रहेको स्थायी तरलता सुविधा दर ६.५ प्रतिशत, तल्लो सीमाको रुपमा रहेको निक्षेप संकलन दर ३.० प्रतिशत र नीतिगत दरको रुपमा रहेको रिपो दरलाई ५.० प्रतिशत कायम गरिएको छ ।</td><td>(ख) ब्याजदर करिडोरको माथिल्लो सीमाको रुपमा रहेको स्थायी तरलता सुविधा दर ६.० प्रतिशत, तल्लो सीमाको रुपमा रहेको निक्षेप संकलन दर २.७५ प्रतिशत र नीतिगत दरको रुपमा रहेको रिपो दरलाई ४.५ प्रतिशत कायम गरिएको छ ।</td></tr>
<tr><td>१०.</td><td>अनुसूची १.१ को Capital Adequacy Framework 2015 को बुँदा नं. 2.1 को II मा (ix) थप गरी क्रमसंख्या मिलान गरिएको ।</td><td>हाल नरहेको ।</td><td>II. Tier 2 (Supplementary) Capital
(ix) Regulatory reserve for non-banking assets recorded within the last 24 months.</td></tr>
<tr><td>११.</td><td>अनुसूची १.१ को Capital Adequacy Framework 2015 को FORM NO. 1A CAPITAL ADEQUACY TABLE मा Supplementary Capital अन्तर्गत (i) थप गरी क्रमसंख्या मिलान गरिएको ।</td><td>हाल नरहेको</td><td><table><tr><td colspan="2">Supplementary Capital (Tier II)</td><td>Current Period</td><td>Previous Period</td></tr><tr><td>i.</td><td>Regulatory reserve for non-banking assets recorded within the last 24 months.</td><td></td><td></td></tr></table></td></tr>
</table>

यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संशोधन/परिमार्जन/थप ।

<table>
<tr><th>क्र.सं.</th><th>व्यवस्था नं.</th><th>विद्यमान व्यवस्था</th><th>संशोधित व्यवस्था</th></tr>
<tr><td>१२.</td><td>अनुसूची १.२ को Capital Adequacy Framework 2007 (Updated July 2008) को बुँदा नं. 2.3 मा (h) थप गरिएको ।</td><td>हाल नरहेको ।</td><td>2.3 Elements of Tier 2 Capital
(h) Regulatory reserve for non-banking assets recordedwithin the last 24 months.</td></tr>
<tr><td>१३.</td><td>अनुसूची १.२ को Capital Adequacy Framework 2007 (Updated July 2008) को FORM NO. 1 CAPITAL ADEQUACY TABLE मा (i) थप गरी क्रमसंख्या मिलान गरिएको ।</td><td>हाल नरहेको ।</td><td><table>
<tr><th colspan="2">Supplementary Capital (Tier II)</th><th>Current Period</th><th>Previous Period</th></tr>
<tr><td>i.</td><td>Regulatory reserve for non-banking assets recorded within the last 24 months.</td><td></td><td></td></tr>
</table></td></tr>
<tr><td>१४.</td><td>इ.प्रा.निर्देशन नं. ३/०८१ सँग सम्बन्धित अनुसूचीको ने.रा.बैंक निर्देशन फा.नं. ३.१ मा संशोधन ।</td><td><table>
<tr><th>क्र.सं.</th><th>उद्योग/क्षेत्रहरु</th><th>रकम</th><th>प्राथमिक पुँजीको प्रतिशत</th><th>कुल कर्जा सापटको प्रतिशत</th></tr>
<tr><td></td><td>व्यक्तिगत आवसिय घर कर्जा (रु.२ करोड सम्म)</td><td></td><td></td><td></td></tr>
</table></td><td><table>
<tr><th>क्र.सं.</th><th>उद्योग/क्षेत्रहरु</th><th>रकम</th><th>प्राथमिक पुँजीको प्रतिशत</th><th>कुल कर्जा सापटको प्रतिशत</th></tr>
<tr><td></td><td>व्यक्तिगत आवसिय घर कर्जा (रु.३ करोड सम्म)</td><td></td><td></td><td></td></tr>
</table></td></tr>
<tr><td>१५.</td><td>इ.प्रा.निर्देशन नं. ९/०८१ सँग सम्बन्धित अनुसूचीको ने.रा.बैंक निर्देशन फा.नं.९.३ मा संशोधन ।</td><td><table>
<tr><th>क्र.सं.</th><th>उद्योग/क्षेत्रहरु</th></tr>
<tr><td></td><td>व्यक्तिगत आवसिय घर कर्जा (रु.२ करोड सम्म)</td></tr>
</table></td><td><table>
<tr><th>क्र.सं.</th><th>उद्योग/क्षेत्रहरु</th></tr>
<tr><td></td><td>व्यक्तिगत आवसिय घर कर्जा (रु.३ करोड सम्म)</td></tr>
</table></td></tr>
</table>

यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संशोधन/परिमार्जन/थप ।

<table>
<tr><th>क्र.सं.</th><th>व्यवस्था नं.</th><th>विद्यमान व्यवस्था</th><th>संशोधित व्यवस्था</th></tr>
<tr>
<td>१६.</td>
<td>इ.प्रा.निर्देशन नं. ९/०८१ सँग सम्बन्धित अनुसूचीको ने.रा.बैंक निर्देशन फा.नं.९.३ (क) मा संशोधन ।</td>
<td>
<table>
<tr><th>क्र.सं.</th><th>उद्योग/क्षेत्रहरु</th></tr>
<tr><td>६.</td><td>व्यक्तिगत आवसिय घर कर्जा (रु.२ करोड सम्म)</td></tr>
<tr><td>७.</td><td>रियल स्टेट कर्जा सापट</td></tr>
<tr><td></td><td>(अ) आवासीय घर कर्जा (रु. २ करोड सम्मको व्यक्तिगत आवासीय घर कर्जा बाहेक)</td></tr>
</table>

६. रियल स्टेट कर्जा सापट :
रियल स्टेटको लागि प्रवाह गरिएको कर्जा सापट भन्नाले निम्नानुसारको कर्जा सापटलाई सम्झनु पर्दछ।
(अ) रु २ करोड भन्दा बढीका आवासीय घर कर्जा (Residential Real Estate)
(आ) व्यावसायिक भवन तथा आवासीय अपार्टमेण्ट निर्माण कर्जा (रियल स्टेट कम्पनीलाई प्रवाह गरिएको बहुआवासीय अपार्टमेण्ट कर्जा र व्यक्तिगत आवास कोलोनी कर्जा)
(इ) निर्माण सम्पन्न भई आय आर्जन गर्न थालेको व्यापारिक कम्प्लेक्स कर्जा।
(ई) अन्य रियल स्टेट कर्जा (जग्गाजमीन खरिद तथा प्लटिंग कर्जा समेत)
१. जग्गाजमीन खरिद तथा प्लटिङ्ग कर्जा
२. कुनै प्रयोजन नखुलाई जग्गा, जमिन धितो राखी प्रवाह भएका रु.५० लाख वा सो भन्दा वढी रकमका Personal Loan, Mortgage Loan, Flexi Loan प्रकृतिका कर्जा
३. अन्य
तर, निम्नलिखित कर्जालाई रियल स्टेट कर्जा मानिने छैन।
(क) जग्गा विकास तथा भवन निर्माणमा संलग्न नरहेका व्यापारिक/औद्योगिक फर्म/कम्पनीले आफ्नो नियमित व्यापारिक/औद्योगिक कर्जाको लागि अन्य सुरक्षणका अतिरिक्त घर जग्गा धितो राखेका कर्जाहरु,
</td>
<td>
<table>
<tr><th>क्र.सं.</th><th>उद्योग/क्षेत्रहरु</th></tr>
<tr><td>६.</td><td>व्यक्तिगत आवसिय घर कर्जा (रु.३ करोड सम्म)</td></tr>
<tr><td>७.</td><td>रियल स्टेट कर्जा सापट</td></tr>
<tr><td></td><td>(अ) आवासीय घर कर्जा (रु. ३ करोड सम्मको व्यक्तिगत आवासीय घर कर्जा बाहेक)</td></tr>
</table>

६. रियल स्टेट कर्जा सापट :
रियल स्टेटको लागि प्रवाह गरिएको कर्जा सापट भन्नाले निम्नानुसारको कर्जा सापटलाई सम्झनु पर्दछ।
(अ) रु ३ करोड भन्दा बढीका आवासीय घर कर्जा (Residential Real Estate)
(आ) व्यावसायिक भवन तथा आवासीय अपार्टमेण्ट निर्माण कर्जा (रियल स्टेट कम्पनीलाई प्रवाह गरिएको बहुआवासीय अपार्टमेण्ट कर्जा र व्यक्तिगत आवास कोलोनी कर्जा)
(इ) निर्माण सम्पन्न भई आय आर्जन गर्न थालेको व्यापारिक कम्प्लेक्स कर्जा।
(ई) अन्य रियल स्टेट कर्जा (जग्गाजमीन खरिद तथा प्लटिंग कर्जा समेत)
१. जग्गाजमीन खरिद तथा प्लटिङ्ग कर्जा
२. कुनै प्रयोजन नखुलाई जग्गा, जमिन धितो राखी प्रवाह भएका रु.५० लाख वा सो भन्दा वढी रकमका Personal Loan, Mortgage Loan, Flexi Loan प्रकृतिका कर्जा
३. अन्य
तर, निम्नलिखित कर्जालाई रियल स्टेट कर्जा मानिने छैन।
(क) जग्गा विकास तथा भवन निर्माणमा संलग्न नरहेका व्यापारिक/औद्योगिक फर्म/कम्पनीले आफ्नो नियमित व्यापारिक/औद्योगिक कर्जाको लागि अन्य सुरक्षणका अतिरिक्त घर जग्गा धितो राखेका कर्जाहरु,
</td>
</tr>
</table>

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संशोधन/परिमार्जन/थप ।

क.सं.	व्यवस्था नं.	विद्यमान व्यवस्था	संशोधित व्यवस्था
		(ख) रु. २ करोड सम्मका व्यक्तिगत आवासीय घर कर्जा । आवासीय घर कर्जा भन्नाले बैंक/वित्तीय संस्थाले ग्राहकको आयस्रोत हेरी सो स्रोतले पर्याप्त धान्ने किस्ता कायम गरी घर निर्माण वा खरिदको लागि प्रवाह गरेको आवासीय घर कर्जा (Residential Real Estate) को बक्यौता रकमलाई सम्झनु पर्दछ । **७. व्यक्तिगत आवासीय घर कर्जा सापट :** रु. २ करोड सम्मका व्यक्तिगत आवासीय घर कर्जा भन्नाले बैंक/वित्तीय संस्थाले ग्राहकको आयस्रोत हेरी सो स्रोतले पर्याप्त धान्ने किस्ता कायम गरी उक्त ग्राहकले आफै प्रयोग गर्ने वा भाडामा लगाउने गरी घर निर्माण, घर/अपार्टमेन्ट खरिदको लागि प्रवाह गरेको आवासीय घर कर्जा/Home Loan) को बक्यौता रकमलाई सम्झनु पर्दछ ।	(ख) **रु. ३ करोड सम्मका** व्यक्तिगत आवासीय घर कर्जा । आवासीय घर कर्जा भन्नाले बैंक/वित्तीय संस्थाले ग्राहकको आयस्रोत हेरी सो स्रोतले पर्याप्त धान्ने किस्ता कायम गरी घर निर्माण वा खरिदको लागि प्रवाह गरेको आवासीय घर कर्जा (Residential Real Estate) को बक्यौता रकमलाई सम्झनु पर्दछ । **७. व्यक्तिगत आवासीय घर कर्जा सापट :** **रु. ३ करोड सम्मका** व्यक्तिगत आवासीय घर कर्जा भन्नाले बैंक/वित्तीय संस्थाले ग्राहकको आयस्रोत हेरी सो स्रोतले पर्याप्त धान्ने किस्ता कायम गरी उक्त ग्राहकले आफै प्रयोग गर्ने वा भाडामा लगाउने गरी घर निर्माण, घर/अपार्टमेन्ट खरिदको लागि प्रवाह गरेको आवासीय घर कर्जा (Home Loan) को बक्यौता रकमलाई सम्झनु पर्दछ ।
१७.	इ.प्रा.निर्देशन नं. ९/०८१ सँग सम्बन्धित अनुसूचीको ने.रा.बैंक निर्देशन फा.नं. ९.१४ मा संशोधन ।	२.४ कर्जा तथा सापट **अ. रियल स्टेट कर्जा सापट** १. आवासीय घर कर्जा (**रु. २ करोड** सम्मको व्यक्तिगत आवासीय घर कर्जा बाहेक) २. व्यावसायिक भवन तथा आवासीय अपार्टमेण्ट निर्माण कर्जा ३. निर्माण सम्पन्न भई आय आर्जन गर्न थालेको व्यापारिक कम्प्लेक्स कर्जा ४. अन्य रियल स्टेट कर्जा (जग्गाजमीन खरिद तथा प्लटिंग कर्जा समेत) आ. **रु. २ करोड** सम्मको व्यक्तिगत आवासीय घर कर्जा	२.४ कर्जा तथा सापट **अ. रियल स्टेट कर्जा सापट** १. आवासीय घर कर्जा (**रु. ३ करोड** सम्मको व्यक्तिगत आवासीय घर कर्जा बाहेक) २. व्यावसायिक भवन तथा आवासीय अपार्टमेण्ट निर्माण कर्जा ३. निर्माण सम्पन्न भई आय आर्जन गर्न थालेको व्यापारिक कम्प्लेक्स कर्जा ४. अन्य रियल स्टेट कर्जा (जग्गाजमीन खरिद तथा प्लटिंग कर्जा समेत) आ. **रु. ३ करोड** सम्मको व्यक्तिगत आवासीय घर कर्जा

यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संशोधन/परिमार्जन/थप ।

<table>
<tr><th>क्र.सं.</th><th>व्यवस्था नं.</th><th>विद्यमान व्यवस्था</th><th>संशोधित व्यवस्था</th></tr>
<tr><td>१८.</td><td>इ.प्रा. निर्देशन नं. ९/०८१ को अनुसूची ९.१ (इजाजतपत्रप्राप्त संस्थाहरुले वेबसाइट मार्फत् यस बैंकमा पठाउनु पर्ने तथ्यांकहरु सम्बन्धी विवरण) मा संशोधन ।</td><td><table><tr><th>अनुसूची/ फारम नं.</th><th>विषय</th><th>तथ्यांकको प्रकृति</th><th>पठाउनुपर्ने अवधि</th></tr><tr><td>९.१४</td><td>त्रैमासिक वित्तीय विवरण</td><td>त्रैमासिक</td><td>अर्को महिनाको ७ गते भित्र</td></tr></table></td><td><table><tr><th>अनुसूची/ फारम नं.</th><th>विषय</th><th>तथ्यांकको प्रकृति</th><th>पठाउनुपर्ने अवधि</th></tr><tr><td>९.१४</td><td>त्रैमासिक वित्तीय विवरण</td><td>त्रैमासिक</td><td>अर्को महिनाको १५ गते भित्र</td></tr></table></td></tr>
<tr><td>१९.</td><td>इ.प्रा. निर्देशन नं. ९/०८१ को अनुसूची ९.२ (इजाजतपत्रप्राप्त संस्थाहरुले Excel Sheet मार्फत् यस बैंकमा पठाउनु पर्ने तथ्यांकहरु सम्बन्धी विवरण) को तथ्यांक विवरण पठाउनुपर्ने अवधिमा संशोधन ।</td><td><table><tr><th>पठाउनुपर्ने अवधि</th></tr><tr><td>७ दिन भित्र</td></tr></table></td><td><table><tr><th>पठाउनुपर्ने अवधि</th></tr><tr><td>७ दिन भित्र
(त्रैमासिक विवरणको हकमा १५ दिन भित्र ।)</td></tr></table></td></tr>
</table>